
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १७ गते बुधबार ❑ 4 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## राष्ट्रियताको मुद्दामा सबै एकढिक्का हुन जरुरी छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १६ असोज

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय एकतालाई बलियो बनाउन राष्ट्रिय मुद्दामा सबै एकजुट हुनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा समय माग गरी बोल्नुहुँदै अध्यक्ष ओलीले देश र जनताको सर्वोपरी हितलाई केन्द्रमा राखेर राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको विषयमा एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

"म सबै राजनीतिक दलका माननीय सदस्यलाई आग्रह गर्न चाहन्छु, राष्ट्रिय एकता, सद्भाव र सहिष्णुताका विषयमा एक हौं", अध्यक्ष ओलीले भन्नुभयो, "राष्ट्रका हितलाई सर्वोपरी राख्दै विकासका प्रयासमा एकजुट होऔँ, सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिका अखण्डताका विषयमा एकजुट हुँदै सामाजिक सद्भाव कायम राख्न सबै गम्भीर हुनुपर्छ।"

मित्रराष्ट्र मुलुकसँगको सम्बन्धलाई सुमधुर तुल्याई, कुटनीतिक सम्बन्धलाई बलियो र थप प्रगाढ तुल्याउन लाग्नुपर्ने उल्लेख गर्दै उहाँले परराष्ट्र नीतिमा एक दृष्टिकोण बनाई नेपालको स्वाभिमान र गरिमा बढाउन सबैको ध्यान जानुपर्ने खाँचो औंल्याउनुभयो। एमाले अध्यक्ष ओलीले आम जनतामा राजनीतिक दल, प्रणाली, संविधानप्रतिको विश्वास अभिवृद्धि गर्दै अहिलेसम्मका राजनीतिक उपलब्धि संस्थागत गर्न र विकास निर्माणलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

विकास निर्माणले गति लिन नसकेको, समयमै भुक्तानी नहुँदा निर्माण कम्पनीलाई ऋण तिर्न कठिनाई भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र आर्थिक विकास र समृद्धिको यात्रामा सक्रियतापूर्वक लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो। अध्यक्ष ओलीले एसिड आक्रमणकारीलाई रिहा गरिएको, कैदीबन्दीलाई आममाफी दिइएको र सुन तस्करी काण्डका आरोपीलाई छाडिएको भन्दै आपत्ति प्रकट गर्नुभयो। उहाँले सुशासन सरकारको नियमित काम भएकाले यसलाई निरन्तरता दिएर सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो। एमाले अध्यक्ष ओलीले कोशी प्रदेशसभामा देखिएका गतिविधि संविधानको भावना अनुरुप नभएको बताउनुभयो। कानुनी राज्य र विधिको शासन स्थापित गर्न सबै गम्भीर हुनुपर्नेमा जोड दिँदै उहाँले प्रतिपक्षले उठाएका कतिपय विषयलाई हलुका ढङ्गले लिने गरिएको गुनासो गर्दै संसदलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

बजारमा महङ्गी बढेको, किसानले मल बिऊ नपाएकोलगायत जनसरोकारका विषयमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो। संसद बैठक लामोसमयसञ्चालननभएकोमा पनि अध्यक्ष ओलीले टिप्पणी उहाँले संसदलाई विजनेस दिएर प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले न्यायलयलाई स्वतन्त्र, मर्यादित र विश्वासयोग्य बनाइनुपर्ने खाँचो औंल्याउनुभयो।

## कास्कीमा नयाँ उद्योग दर्ता घट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

कोरोना सङ्क्रमण र आर्थिक मन्दीका कारण यसवर्ष कास्कीमा नयाँ उद्योग दर्ताको सङ्ख्या घटेको छ। कास्कीमा आर्थिक वर्ष २०७८/७९ मा दुई हजार तीन सय ६५ नयाँ उद्योग दर्ता भएकामा गत आव २०७९/८० मा नौ सय ९५ वटा मात्रै रहेको छ।

घरेलु तथा साना उद्योग कार्यालय कास्कीका प्रमुख उद्योग अधिकृत शेषकान्त पैडेलले कोरोना र आर्थिक मन्दीकै कारण नयाँ उद्योग दर्ता सङ्ख्या घटेको हुनसक्ने बताउनुभयो। कार्यालयका उद्योग अधिकृत महराज ढकालका अनुसार गत आवमा नयाँ उद्योग दर्ता सङ्ख्या घटे पनि बक्यौता राजस्व बुझाउनेको सङ्ख्या बढ्दा राजस्व भने वृद्धि भएको छ। आर्थिक वर्ष २०७८/७९ मा रु दुई करोड १२ लाख ३० हजार ६ सय ३१ राजस्व सङ्कलन हुँदा २०७९/८० मा रु दुई करोड ३९ लाख ९० हजार नौ सय ८९ राजस्व सङ्कलन भएको छ। विभिन्न उद्योगमध्ये पर्यटनमूलक, कृषि तथा वनपैदावार र सेवामूलक उद्योग दर्ता गराउनेको सङ्ख्या भने केही मात्रामा बढेको छ। आव २०७९/८० मा पर्यटनसम्बन्धस तीन सय ३८ वटा उद्योग दर्ता भएका थिए भने ऊर्जा र खनिजसम्बन्धी उद्योग भने एउटा पनि दर्ता भएनन्। आव २०७९/८० कास्कीमा कृषि तथा वनपैदावार उद्योगतर्फ तीन सय १७, सेवामूलक उद्योगतर्फ एक सय ९८, उत्पादनमूलक उद्योगतर्फ एक सय ३५ र सूचना प्रविधिमा आधारित सातवटा उद्योग दर्ता भएको जानकारी उद्योग अधिकृत ढकालले दिनुभयो।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा धेरै कृषि तथा वनपैदावारमा आधारित आठ सय ८८ वटा उद्योग दर्ता भएका थिए भने ऊर्जा र खनिजसम्बन्धी उद्योग भने एउटा पनि दर्ता भएका थिएनन्। पर्यटनमूलक उद्योगमा सात सय चार, सेवामूलक उद्योगमा पाँच सय ४७, उत्पादनमूलक उद्योगमा दुई सय १६ र सूचना प्रविधिमा आधारित १० वटा उद्योग दर्ता भएको जानकारी उद्योग अधिकृत ढकालले दिनुभयो। कास्कीका उद्योगमा आव २०७८/७९ मा रु चार अर्ब ८९ करोड ५२ लाख पुँजी लगानी भएको थियो भने आव २०७९/८० मा रु तीन अर्ब २७ करोड १९ लाख पुँजी लगानी भएको प्रमुख उद्योग अधिकृत पौडेलले जानकारी दिनुभयो।

आव २०७८/७९ मा दुई हजार ६ सय ११ महिलासहित चार हजार आठ सय ३७ जनालाई विभिन्न उद्योगमा रोजगार सिर्जना हुँदा आव २०७९/८० मा एक हजार सात सय ५१ जना महिलासहित तीन हजार नौ सय ६७ जनाले रोजगार प्राप्त गरेका छन्। कास्की जिल्लामा विभिन्न प्रकृतिका २३ हजार ६ सय २९ उद्योग दर्ता भएका छन्।

## दृष्टिविहिन शिक्षक पौडेलको आमरण अनसन तोडियो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

पोखराकी एक दृष्टिविहिन शिक्षक शोभा पौडेलले आमरण अनसन तोड्नु भएको छ। आफ्नो माग पूरा हुने आश्वासन पाए संगै शिक्षा विकास तथा समन्वय इकाइ कास्की र शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशको परिषरमा तीन दीन देखि बसेको आमरण अनसनरत मंगलबार साँझ तोडेको निमावि तह तृतीय श्रेणी नेपाली विषयका शिक्षक शोभा पौडेलले बताउनु भयो।

शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षक पौडेलको माग पूरा गराउदै बताउदै जुस खुवायर आमरण अनसन तोड्न लगाउनु भएको हो। शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका नि.मा.निर्देशक अम्बिका प्रसाद आचार्य, शिक्षा महाशाखा पोखरा महानगरका निर्देशक हेम प्रसाद आचार्य, शिक्षक महासंघ कास्कीका अध्यक्ष बोधराज पौडेल लगायतका विभिन्न संघ संस्थाको हस्ताक्षर सहितको उपस्थितमा उक्त आमरण अनसन तोडिएको पौडेलका श्रीमान श्रीकान्त सापकोटाले बताउनु भयो।

शिक्षक पौडेलको जीवन रक्षा गर्नको लागि विभिन्न पटक छलफल र प्रयास गरिरहेको अवस्थामा हाल कास्की जिल्ला स्थित श्री ध्रुव मा वि मादी-४ तारकाङमा रिक्त रहेको निम्न माध्यामिक तहको नेपाली विषयको दरवन्दीमा निजलाई सरुवा भै आउन सहमति प्रदान गर्ने त्यस पछि सरुवा प्रकृया मिलायर पोखरा आए पछि यहाँ व्यबस्थापन गर्ने सहमति भए अनुसार उहाँले आमरण अनसन तोड्नु भएको हो। शिक्षक खटिएको विद्यालयमा हाजिर भई सहमति लिई आए पश्चात छिटो साधनद्वारा शिक्षा तथा मानवस्रोत विकास केन्द्र भक्तपुरबाट नियमानुसार जिल्लान्तर सरुवाका लागि अनुमती लिई यसलाइ नजिरको रूपमा कायम नहुने गरी शिक्षा विकास तथा समन्वय इकाई कास्कीबार सरुवा गर्ने बिषययमा सहमती सहित हस्ताक्षर भए पछि आमरण अनसन तोडिएको शिक्षक शोभाले बताउनु भयो। शिक्षा विकास तथा समन्वय इकाइ कास्की, पोखरा महानगर- पालिका शिक्षा महाशाखा, मादी गाउँपालिका नेपाल शिक्षक महासंघ कास्की शिक्षकका पेशागत संघ संगठनका कास्कीका नेतृत्व लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोग र समन्वयमा शिक्षक सेवा आयोगको २०७९/२०८० को निम्न माध्यामि तहको पदस्थापना गर्नु अगावै शिक्षा विकास निर्देशनालयसंग समन्वय गरी शिक्षा विकास तथा समन्वय इकाइ कास्की र पोखरा महानगरपालिका शिक्षा महाशाखाले पोखरा महानगर पालिका भित्रका विद्यालयमा सरुवा गरी ल्याउने सहमती भएको पौडेलका श्रीमान श्रीकान्त सापकोटाले बताउनु भयो। अझै पनि आफुहरुले शतप्रतिशत विश्वास गर्ने अबस्था नरहेको बताउदै सापकोटाले यसमा अब सबैले साथ र सहयोग आवश्यक भएको बताउनु भयो।

शिक्षक सेवा आयोगद्वारा निम्न माध्यमिक तह तृतीय श्रेणीको नेपाली विषय शिक्षकमा सिफारिस भई लमजुङ जिल्ला स्थित दोर्दी गाउपालिकाको बालकल्याण मावि दोर्दी ७ मा पदस्थापना हुनु भएको शिक्षक पौडेललाई उक्त विद्यालयले हाजिर गराए पश्चात् भौगोलिक विकटताको कारण आफुलाई पायक पर्ने स्थानमा स्थान्तरण गर्नको लागि माग गर्दै शोभाले आइतबार देखि आमरण अनसनमा बस्नु भएको थियो।

पहुँचयुक्त र पायक पर्दो विद्यालयमा पदस्थापन र हाजिरीको माग गर्दै पौडेलले आइतबार विहानः ९:३० बजे देखि गण्डकी प्रदेश शिक्षा बिकास निर्देशनालय तथा शिक्षा बिकाश समन्यय एकाई कास्कीको परिसरमा आमरण अनसनमा बस्नु भएको थियो।

## विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११: ०२ बजे

**रासस**
काठमाडौं, १६ असोज

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको दसैंको साइत सार्वजनिक गरेको छ। जसअनुसार विजयादशमीको उत्तम साइत कात्तिक ७ गते बिहान ११:०२ बजे रहेको छ।

यस वर्षको बडादसैं अर्थात् दुर्गा पक्षको सुरुआत भने असोज २८ गते आइतबार हुनेछ। जसलाई नवरात्रारम्भ पनि भनिन्छ। त्यस दिन बिहान ११:२९ बजे घटस्थापना गर्ने साइत रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो।

घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले दुवैको शान्ति गरेर घटस्थापना गर्नु शास्त्रसम्मत् हुने पनि उहाँले बताउनुभयो। कात्तिक ७ गते विजयादशमीका दिन बिहान १० :३७ बजे देवी विसर्जनको साइत रहेको छ। देवी विसर्जन सकेपछि दुर्गाको प्रसाद ग्रहण गर्न दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान ११:०२ बजेको साइत दिइएको समितिले जनाएको छ। गत साउन महिनामा अधिकमास परेका कारण यस वर्ष असोज अन्तिमदेखि नेपालीको महान् पर्व बडादसैं सुरु हुँदैछ। कात्तिक पहिलो साता बडादसैंको मुख्य दिनअर्थात् विजयादशमी परेको छ। कात्तिक ११ गते कोजाग्रत पूर्णिमा मनाएपछि १५ दिन लामो बडादसैं पर्व समाप्त हुन्छ।






## कार्यसम्पादन मूल्याङ्कन : स्वास्थ्य कार्यालय कास्की उत्कृष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

जिल्ला स्वास्थ्य कार्यालय कास्की गण्डकी प्रदेशको स्वास्थ्य कार्यालयहरूको मूल्याङ्कनमा प्रदेशकै उत्कृष्ट भएको छ।

कार्यालयद्वारा विगत एक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमको विभिन्न सूचकहरूका अनुसार प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कनमा कास्की पहिलो बनेको हो।

गत आर्थिक वर्ष २०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमको प्रदेशस्तरीय दुईदिने समीक्षा कार्यक्रमको सोमबार समापन समारोहमा उत्कृष्ट जिल्लास्थित स्वास्थ्य कार्यालय, अस्पताल र स्थानीय तहलाई घोषणा गरी सम्मान गरिएको हो।

प्रदेशका ११ वटा जिल्लास्थित स्वास्थ्य कार्यालयको कार्यसम्पादनमा पहिलो बनेको कास्कीलाई सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडा, मन्त्रालयका सचिव डा विनोदविन्दु शर्मालागयतले पुरस्कृत गर्नुभयो। त्यसैगरी स्वास्थ्य कार्यालय लमजुङ द्वितीय र स्वास्थ्य कार्यालय पर्वत तृतीय बनेका छन्। यसैगरी अस्पतालमा गोरखा जिल्ला अस्पताल कार्यसम्पादन मूल्याङ्कनमा पहिलो हुन सफल भएको छ। त्यसैगरी मध्यविन्दु अस्पताल नवलपरासी द्वितीय र धवलागिरि अस्पताल बागलुङ तृतीय भएका थिए। मन्त्रालयले स्थानीय पालिकाको समेत मूल्याङ्कनमा गोरखा नगरपालिका उत्कृष्ट बन्न सफल भयो। त्यसैगरी म्याग्दीको बेनी नगरपालिका द्वितीय र लमजुङको मध्य नेपाल नगरपालिका तृतीय बनेका छन्।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयअन्तर्गत गठन गरिएको सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा समग्र अनुगमन मूल्याङ्कन प्राविधिक कार्य समूहले विभिन्न मापदण्डका आधारमा उत्कृष्ट छनोट गरेको हो। प्राविधिक कार्य समूहअन्तर्गतको उपसमितिले विभिन्न मापदण्ड र सूचकका आधारमा उत्कृष्ट अस्पताल र स्वास्थ्य कार्यालय छनोट गरेको उपसमितिका संयोजक रमेशप्रसाद अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यक्रम र नतिजाका आधारमा उत्कृष्ट छनोट गरिएको हो। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयअन्तर्गत गण्डकीमा प्रदेशस्तरीय कार्यालय छ, स्वास्थ्य कार्यालय ११, अस्पताल ११ र आयुर्वेद कार्यालय ११ गरी ३९ निकाय छन्।

